# आर्थिक वर्ष २०७६/ ७७को

# बजेट

महाभारत गाउँपालिका

**३ नं. प्रदेश, नेपाल**

महाभारतगाउँपालिका

आदरणीय यस गरिमामय सभाका सभाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँपालिकाका सदस्य ज्यूह, राष्ट्रसेवक कर्मचारीहरु महाभारत गाउँपालिकावासी आदारणीय आमा, बुबा, दिदीबहिनी तथा दाजुभाईहरु महाभारत गाउँपालिकाको तर्फबाट विकासका लागि मार्गदर्शनको रुपमा रहेको आगामी आ.व. ०७६।७७ को वार्षिक बजेटको जानकारी गराउन पाउँदा अत्यन्तै गौरवान्वित ठानेको छु । सर्वप्रथम यस महत्वपूर्ण घडीमा परिवर्तनका लागि आफ्नो ज्यानको बाजी थापेर शहिद हुनु भएका महान् शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै त्यस क्रममा बेपता तथा घाईते हुनुभएका साहसीक योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

राज्यका तीन तहको सरकार मध्ये स्थानीय तहको रुपमा रहेको यस महाभारत गाउँपालिकाको सम्वृद्धिका लागि सहयोग गर्नुहुने संघ र प्रदेश सरकारका माननीय सांसद एंव उच्च तहका अग्रणी राजनीतिक नेतृत्व प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । विभिन्न चुनौतीका बाबजुद यस गाउँपालिकाको सार्वजनिक तथा अन्य सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएका जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय एंव, पत्रकारहरु प्रति हार्दिक धन्यवाद दिदै आगामी दिनहरु पनि निरन्तर सेवाको कामना गर्दछु । साथै गाउँपालिकाको हरेक कार्यमा सहयोग गर्नुहुने आदरणीय गाउँपालिकावासी दिदीबहिनी तथा दाजुभाईहरुमा विशेष धन्यवाद दिन चाहान्छु ।

माननीय सभाध्यक्ष महोदय, आ.व. ०७६।७७ को बजेट तर्जुमा गर्दा लिएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शन प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१. गाउँसभाबाट आ.व. ०७६।७७ मा पारित नीति तथा कार्यक्रम ।

२. नेपालको संविधानले निर्दिष्ट गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धि विषय तथा प्राथमिकताहरु ।

३. नेपालको संविधानले निर्देशित गरेका स्थानियतहको काम कतर्व्य तथा अधिकार सम्बन्धि विषय तथा प्राथामिकताहरु

४. स्थानिय सरकार संचालन ऐन , २०७४ को नीतिगत व्यवस्था र प्राथामिकताका आधारहरु

५. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग ऐन ,२०७४ को नीतिगत व्यवस्था र प्राथामिकता तथा सन्तुलनका आधारहरु

६. अन्तर सरकारी वित्तव्य वस्थापन ऐन ,२०७४ ले गरेको नीतिगतव्यवस्था

७. स्थानिय तहको वार्षिक योजनातथा बजेट तर्जुमादिग्दर्शन ,२०७४ ले निर्दिष्ट गरेको वार्षिक योजनातथा बजेट तर्जुमाका आधारहरु ।

६. नेपाल सरकार अर्थमन्त्रालयबाट समानीकरण अनुदान र राजश्व बाँडफाटको सिलिङ सहितको मार्गदर्शन

७. संघिय र प्रदेश सरकारले जारि गरेको नीति कानून तथा मापदण्डहरु

८.संघिय सरकार र प्रदेश तहबाट प्राप्त अन्य मार्गदर्शन एवम् निर्देशक तथा सुझावहरु ।

९.चौधौ योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु ।

१०. जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्रतथा समय समयमागरिएका सार्वजनिक वचनबद्धताहरु ।

महाभारत गाउँपालिका

अब, म आ.व. ०७६।७७ का लागि संचालन गरिने क्षेत्रगत प्रमुख कार्यक्रमहरु विनियोजन गरेको बजेट प्रस्तुत गर्न चाहान्छु । यस बजेटमा गाउँ, टोल बस्तीबाट, प्रत्येक वडाहरुबाट र विभिन्न निकाय तथा क्षेत्रहरुबाट माग भए बमोजिमका बजेट यस गाउँपालिकाले चाहादा-चाहादा पनि बजेटको निश्चित अंक भएकाले कतिपय महत्वपूर्ण योजनाहरु छुट्न गएको प्रति क्षमाप्रार्थी छु ।

**आर्थिक विकास :**

१. वडा स्तरमा गठन भएका कृषक समूहलाई कृषि ज्ञान केन्द्रको रुपमा विकास गरि कृषि उत्पादनमा आधुनिकीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२. युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवा लक्षित कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छ । जस अन्तर्गत गोठ सुधार उन्नत जातका चौपाया वितरण कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । यसै वर्ष बाटै दुग्ध चिस्यान केन्द्र खोल्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सामाजिक विकासः**

**स्वास्थ्य**

१. शुन्य होम डेलिभरी तथा बाल, मातृ मृत्युदर घटाउनको लागि महिला स्वास्थ्य स्वयं सेविकालाइ दिईने प्रोत्सहान भत्तालाई निरन्तरता दिइएको छ ।

२. गाउँपालिकाले वितरण गर्दै आएको एन्टीबायोटीक सहित ६८ प्रकारको औषधी वितरण गर्ने कार्यलाई निरन्तर बजेटको व्यवस्था गरेकोछ ।

३. जेष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम अन्तर्गत प्रत्येक वडामा स्वास्थ्य परिक्षण शिविर संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. अध्यक्ष जनता स्वास्थ्य कार्यक्रम शुरु गर्ने गरि बजेटको व्यवस्था गरेको छु ।

**शिक्षा :**

१. विकासको प्रमुख पूर्वाधारको रुपमा रहेको शिक्षालाई निःशुल्क तथा अनिवार्य बनाउन यस महाभारत गाउँपालिका सँग समन्वय गरि सार्वजनिक शिक्षालाई पहिलो प्राथमिकतामा राखि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२. सामूदायिक विद्यालयलाई प्रतिस्पर्धी बनाउन तथा शैक्षिक गुणस्तर सुधार्न विद्यालय तथा शिक्षक/ प्र.अ. हरुलाई प्रोत्सहान स्वरुप रु ३,५०,००० ।- बजेटको व्यवस्था गरेको छु ।

३. प्राविधिक जनशक्तिको विकास गर्न सामूदायिक मा. वि. बाट SEE परीक्षा उतिर्ण उत्कृष्ट ४ जना छात्र तथा छात्राहरुलाई प्राविधिक डिप्लोमा अध्ययान गर्न छात्रवृत्ति स्वरुप एकमुष्ठ रु ६ लाख विनियोजन गरेको छु ।

**पूर्वधार विकास तर्फको वक्तव्य**

**१) सडक :**

१. यस गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरु सम्म सडकको ट्रयाक यसै वर्ष खोल्ने गरि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२. यस गाउँपालिका भित्रका मुख्य सडकहरुलाई बाह्रै महिना चल्ने गरि ढल निकाशा सहित मर्मत सम्भार कार्यलाई आवश्यक बजेट विनियोजन गरेको छु ।

३. आगामी ३ वर्षभित्र प्रत्येक टोल-टोलमा मोटर बाटो पुर्याउने गरि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सिँचाई :**

१. यस महाभारत गाउँपालिका भित्रका कृषि योग्य जमिनहरुमा सिँचाईका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२. यस महाभारत गाउँपालिका भित्र कुलो मार्फत सिँचाई नहुने जमिनमा थोपा तथा प्लाष्टिक पोखरी सिँचाईलाई बजेटको व्यवस्था निरन्तरता दिएको छु ।

**वातावरण तथा विपद व्यवस्थापन**

१. यस गाउँपालिकामा आकस्मिक रुपमा प्राकृतिक तथा मानव निर्मित प्रकोपबाट घटेका घटनाको सहयोगका लागि आवश्यक बजेट विनियोजन गरेको छ, ।

**सुशासन तथा संस्थागत विकास**

१. गाउँपालिका, वडा कार्यालय लगायत सार्वजनिक सेवा प्रवाह गर्ने विभिन्न कार्यालयहरुबाट दिईने सेवालाई पारदर्शि चुस्त, दुरुस्त बनाउनका लागि आवश्यक बजेटको विनियोजन गरेको छु ।

२. सुशासनलाई प्रभावकारी ढंगले अगाडि बढाउन प्रत्येक वडामा सार्वजनिक सुनुवाई गर्दै लैजाने गरि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**बजेट तथा कार्यक्रम**

अव म आगामी आ.व. ०७६/ ७७ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

संघिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु.७ करोड ७५ लाख, सशर्त अनुदान तर्फ रु. १० करोड ४९ लाख, राजश्व बाँडफाँड तर्फ ७ करोड ७ लाख अनुमानित गरी कुल रु २५ करोड ३१ लाख

त्यस्तै प्रदेशबाट,

महाभारत गाउँपालिका

वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. ९९ लाख ११ हजार , सशर्त अनुदान तर्फ रु. २२ लाख ३३ हजार,राजश्व बाडफाड ८८ लाख ९७ हजार  कुल रु २ करोड १० लाख ४१ हजार

त्यस्तै

आ.व. ०७५।७६ को राजस्व आय प्रक्षेपण रु. ४१ लाख,चालु आ.ब.को अनुमानित नगद मौज्दात रु. २ करोड ५० लाख गरी जम्मा गरी रु. २ करोड ९१ लाख

**आ.ब. ०७६।७७ को कुल बजेट ३०करोड ३२ लाख ४१ हजार** रुपैयाँ रहेको छ ।

जसमध्ये खर्च तर्फ संघीय सरकारबाट प्राप्त बित्तिय समानीकरण अनुदान तथा राजश्व बाँडफाँड, प्रदेश तहबाट प्राप्त बित्तिय समानीकरण अनुदान तथा सवारी कर , आन्तरीक आय र चालु आ.व को मौज्दात समेत जम्मा रकम रु १९ करोड ६१ लाख ८ हजार रकम मध्ये संचालन खर्च तर्फ रु. ५ करोड ५२ लाख ३० हजार र विकास बजेट तर्फ रु १४ करोड ८ लाख ७८ हजार विनियोजन गरेको छु ।

संघ बाट सशर्त अनुदान तर्फ प्राप्त रु १० करोड ४९ लाख तथा प्रदेशबाट शशर्त अनुदान तर्फ प्राप्त रु २२ लाख ३३ हजार रकम गरी जम्मा रु १० करोड ७१ लाख ५३ हजार रकमलाइ तत् तत् तहबाट नै तय भइ आए बमोजिम खर्च गरिनेछ ।

विनियोजन गरिएको रकम मध्ये यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुतथा विभिन्न विषयगत कार्यालय समेतको लागि संचालन खर्च तर्फ रु. ५ करोड ५२ लाख ३० हजार विनियोजन गरिनुको साथै विकास बजेट तर्फ रु १४ करोड ८ लाख ७८ हजार रकम विनियोजन गरिएको छ।

**विषय क्षेत्र गत बजेट**

बिकास,बजेट अन्तर्गत छुट्याइएको १४ करोड ८ लाख ७८ हजार रकम लाइ महाभारत गाउँपालिकाको समस्टिगत विषय क्षेत्रको आधारमा निम्नानुसार रकम विनियोजन गरिएको छ ।

## आर्थिक विकास

| कम संख्या | कार्यक्रम | निसर्तअनुदान (रु हजारमा) | सशर्त अनुदान (रु हजारमा) | जम्मा |
|---|---|---|---|---|
| १. | कृषि | ३८९० | १००० | ४८९० |
| २. | पशु बिकास | २८४३ | ६४५ | ३४८८ |
| ३. | पर्यटन बिकास | १००० | ० | १००० |
| ४ | सहकारी | ३०० | ० | ३०० |
| | **जम्मा** | ८०३३ | १६४५ | ९६७८ |

- आर्थिक क्षेत्र अन्तर्गत कृषि पशु पर्यटन सम्बन्धी कार्यक्रमको लागि रु छयानब्बे लाख अठहत्तर हजार विनियोजन गरिएको छ ।

## सामाजिक विकास

| क्र.स | कार्यक्रमको नाम | निशर्त अनुदान(रु हजारमा) | सशर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|---|
| १. | शिक्षा | ९९१० | ७३१६५ | ८३०७५ |
| २. | स्वास्थ्य | ५७०४ | २२४२१ | २८१२५ |
| ३ | महिला , बालबालिका ,ज्येष्ठ नागरिक, अपाङ्ग , जनजाति(संस्कृति प्रवर्धन) ,दलित र न्यायीक समिति तर्फ | ५४०० | ६०० | ६००० |
| ४ | खानेपानी तथा ढल निकास | ४४०० | | ४४०० |
| ५ | संस्कृती प्रवर्दन | १४५० | | १४५० |
| | **जम्मा** | | | **१२३०५०** |

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा स्वास्थ्य खेलकुद लक्षित वर्ग महिला बालबालिका साहित्य कला क्षेत्रका कार्यक्रमको लागि १२ करोड ३० लाख ५० हजार विनियोजन गरिएको छ।

## पूर्वाधार विकास

| क्र.स | कार्यक्रम | सशर्त अनुदान(रु हजारमा) | निशर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|---|
| १ | डि.पि.आर(पुर्वाधार तर्फ) | ० | ५००० | ५००० |
| २ | उर्जा | १६२५ | १००० | २६२५ |
| ३ | रंगशाला निर्माण | ० | १२०० | १२०० |
| ४ | एकिकृत बस्ती बिकास अध्ययन | ० | १०३१ | १०३१ |
| ५ | भवन मर्मत | ० | २२०० | २२०० |
| ६ | सडक | ० | ३७८५० | ३७८५० |
| ७ | सिचाई | ० | ११०० | ११०० |
| ८ | पक्की पुल र झोलुङ्गे पुल | ७१०० | ५०० | ७६०० |
| | **जम्मा** | | | **५८६०६** |

- पूर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडक भवन विद्युतीकरण सिचाइ आदि कार्यक्रमको लागि ५ करोड ८६ लाख ६ हजार विनियोजन गरिएको छ।

वातावरण तथा विपद व्यवस्थापन

| क्र.स | कार्यक्रमको नाम | सशर्त अनुदान(रु हजारमा) | निशर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|---|
| १ | वन तथा भुसंरक्षण | | २०० | २०० |
| २ | बातावरण सरसफाई | | २०० | २०० |
| ३ | बिपद व्यबस्थापन | ० | २८०० | २८०० |
| | जम्मा | | | ३२०० |

- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वातावरण संरक्षण विपद व्यवस्थापन जलाधार संरक्षण लगायतका क्षेत्रमा जम्मा रु. ३२ लाख बिनियोजन गरिएको छ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

| क्र.स | कार्यक्रमको नाम | निसर्त अनुदान(रु हजारमा) | सशर्त अनुदान(रु हजारमा) | जम्मा -(रु.हजारमा) |
|---|---|---|---|---|
| १ | संचालन खर्च | ५५२३० | ० | ५५२३० |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ४७७ | ४७७ |
| ३ | दिगो बिकास | १५०० | ० | १५०० |
| ४ | परामर्श सेवा | १५०० | ० | १५०० |
| **जम्मा** | | **५८२३०** | **४७७** | **५८७०७** |

संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ गाउँपालिका तथा कार्यालय निर्माण गाउँपालिकाको प्रोफाइल निर्माण, दिगो बिकास कानुनी परामर्श सेवा, कार्यालय व्यवस्थापन सूचना प्रविधी आदि क्षेत्रको लागि रु ५ करोड ८७ लाख ७ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

**भैपरी आउने पुजिगत**

१.वर्तमान संक्रमकालीन अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार पुन कार्यपालिकाको बैठकले खर्च शिर्षक किटान गरी खर्च गर्ने गरी निम्न शिर्षकमा भैपरी आउने पुजिगत मर्मत कोष र समपुरक अनुदानमा बजेट बिनियोजन गरिएको छ ।

| क्र.स | कार्यक्रमको नाम | निशर्त तर्फ | शसर्त तर्फ | जम्मा |
|---|---|---|---|---|
| १ | भैपरी आउने पुजिगत | ५००० | | ५००० |
| २ | मर्मत संभार कोष | ५००० | | ५००० |
| ३ | समपुरक अनुदान तर्फ | ४०००० | | ४०००० |
| | **जम्मा** | | | **५००००** |

भैपरी आउने कोष तर्फ जम्मा रु .५ करोड बिनियोजन गरिएको छ ।

माननीय सभाध्यक्ष ज्यू, गाउँ सभाका सदस्य ज्यूहरु अन्त्यमा माथि प्रस्तुत गरेको आ.व. ०७६।७७ को बजेट तयारी देखि प्रस्तुत सम्म आईपुग्दा अहोरात्र खटी महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत शाखाका पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, सुरक्षा कर्मी, समाजसेवी, बुद्धिजिवी,शिक्षक नागरिक समाज, विभिन्न राजनैतिक दलका प्रतिनिधि ज्यूहरु साथै यस महाभारत गाउँपालिकावासी तपाई आमा, बुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै यस आर्थिक वर्षको बजेट भाषण यहि अन्त्य भएको घोषणा गर्दछु ।

धन्यवाद !!!

महाभारतगाउँपालिका

श्री चेतकुमारी माझी

उपाध्यक्ष
महाभारत गाउँपालिका
बनखुचौर, काभ्रेपलाञ्चोक

महाभारतगाउँपालिका